


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

संकटमा लैङ्गिक हिंसाको रोकथाम: तीनै तहका सरकारले निर्माण गरौं नयाँ आयाम ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार २० गते आइतबार ❑ 4 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## आँधीखोलाको सेतीदोभानमा अस्पताल शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशले स्वास्थ्यका कार्याक्रमलाई प्राथमिकतामा राखेर त्यसै अनुसार बजेट विनियोजन गरेको बताएका छन् । स्याङ्जाको आँधीखोला ५, सेतीदोभानस्थित आँधीखोला अस्पतालको भवन शिलान्यास कार्यक्रममा मुख्यमन्त्री पोखरेलले नागरिक स्वस्थ भए मात्र समृद्धिको परिकल्पना गर्न सकिने भएकाले स्वास्थ्यलाई नै प्राथमिकतामा राखिएको बताए।



प्रदेशका सबै नागरिकलाई कोरोना विरुद्धको खोप सुनिश्चित गर्न खोप खरिद गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो । उनले भने, 'संघ सरकारले उपलब्ध गराए त्यसैको व्यवस्थापन हामीले गर्छौं, नभइ प्रदेशकै च्यानल प्रयोग गरेर नागरिकलाई खोप उपलब्ध गराएरै छाड्छौं ।' कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी बनाउन, प्रदेश सरकार अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूको क्षमता विकास, पूर्वाधार निर्माण र सेवाप्रवाह सुधारमा सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो। संक्रामक तथा सरुवा रोग अस्पतालमा अत्याधुनिक प्रविधिसहितको सुविधा सम्पन्न भवन निर्माण गरी सेवा सुविधा विस्तार गरिने मुख्यमन्त्री पोखरेलले बताए । स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर र पाठेघरको क्यान्सरको शल्यक्रियामा लाग्ने खर्च प्रदेश सरकारबाट व्यहोर्ने निर्णयलाई कार्यान्वयनमा लैजान कार्यविधि बनाउने काम सुरु भएको उनले बताए। दुर्गम क्षेत्रका जटिल अवस्थामा रहेका गर्भवती र सुत्केरी महिला तथा नवजात शिशुको उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म पुर्‍याउन एयर लिफ्टिङ कार्यक्रमलाई अझै प्रभावकारी ढंगले अगाडि बढाउने प्रतिबद्धता उनले जनाए । नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा शिशु, बालबालिका, किशोरी, अपांगता भएका व्यक्ति र गर्भवतीको पोषण स्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण सुधार कार्यक्रमलाई निरन्तरता सरकारले उचित बजेट विनियोजन गरिएको मुख्यमन्त्री पोखरेलले बताए । नेपाल सरकारसँगको सहकार्यमा सबै जिल्ला अस्पताललाई २५ देखि ५० शय्या र धौलागिरी अस्पताललाई २ सय शय्याको जनरल अस्पतालमा स्तरोन्नति गर्ने सकाररको योजना छ। प्रदेश सरकारको स्रोतबाट सबै जिल्ला अस्पतालमा २ देखि ५ शय्याको सघन उपचार कक्ष निर्माण कार्य सम्पन्न गराउन सरकारले बजेट छुट्याएको छ । ५० शय्या भएका अस्पतालमा आँखा उपचार सेवा, मृगौला पीडित बिरामीका लागि डायलाइसिस सेवा र ज्येष्ठ नागरिक उपचार वार्ड सञ्चालन गर्ने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको उनले जानकारी गराए । यसैगरी मुख्य राजमार्गमा पर्ने नवलपुरको मध्यविन्दु अस्पताल, तनहुँको दमौली अस्पताल, बाग्लुङको धौलागिरी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## परिवर्तनको लागि नेतृत्व परिवर्तन हुनै पर्छ: नेता केसी

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

नेपाली कांग्रेस कास्कीले १९ हजार १ सय ४२ जनाको क्रियाशिल र नविकरण सहितको पार्टी सदस्यको नामावली केन्द्रमा पठाएको छ।

कास्कीमा करिब १२ हजार सदस्य मध्य करिब १० हजारले यस बर्ष नविकरण गरेका छन भने करिब ८ हजार भन्दा बढीले नयाँ सदस्यता लिएको नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण के.सी.ले बताए।

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अब तोकिएको मिति (भदौं ७ देखि १०) मा हुनै पर्ने राय व्यक्त गरेका केसीले क्रियाशिल सदस्स्य र नयाँ सदस्यको बिषयमा लगभग टुंगिएको दाबी गरे। जिल्ला भन्दा माथि प्रदेश कमिटिमा जाने आफ्नो इच्छा र चहाना भएको बताएका नेता केसीले अब जिल्ला देखि केन्द्र तहमा एक कार्यकाल मात्र जिम्मेवार सम्हानु पर्ने बताए। उनले भने "हामीले अर्को पुस्ता हस्तान्तरण, युवालाई अवसर, अग्रजलाई सम्मान दिनको लागि पनि पटक पटक एकै पदमा दोहोरीनु राम्रो हुदैन् ।" तीनै तहमा आफ्नो बर्चोश्व कायम गरेको कम्यूनिष्ट पार्टीले देशको बागडोर सम्हाल्न नसके पछि अब कांग्रेस नेतृत्वमा देशको बागडोर सम्हाल्ने जिम्मा आएकोले उनको भनाई छ। उनले भने "देशले असल अभिभावक खोजेको छ, त्यसलाई अब कांग्रेसले अभिभावकिय भूमिका खेल्नु पर्छ ।" कोरोनाले गर्दा यस बर्ष प्राविधिक अधिवेसनको रुपमा रहेको उल्लेख गरेका नेता केसीले निती र कार्यक्रम माथि प्रयाप्त छलफल गर्न भने नसकिएको जनाए । उनले भने "अधिवेशन नेतृत्व छनौटको अधिवेशन हो, अधिवेशन सकिएको करिब ६ महिनामा देशको परिस्थिती हेरीकन महासमितिको बैठकबाट १४ औं महाधिवेशनको निती र कार्यक्रम हो भन्ने गरी छलफल गर्ने र नयाँ निती र कार्यक्रम तय गरेर जानुपर्ने स्थिती आएको छ।" नेतृत्वमा परिवर्तन हुन आवश्यक भएको दाबी गरेका उनले युवा सहित सिनियर नेताहरुको मिश्रण हुने गरी नयाँ टिम आउनु पर्ने केसीले बिचार व्यक्त गरे।

## किसानले बिक्री गर्न नसकेका कृषि उपज गण्डकी प्रदेश सरकारले खरिद गरिदिने

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कृषि उपज बिक्रीका लागि समर्थन मूल्य तोकी बिक्री हुन नसकेको कृषिजन्य उत्पादन प्रदेशले खरिद गर्ने बताएका छन्। सिलिंगे कृषि उत्पादक सहकारी संस्था लिमिटेडले शनिबार आयोजना गरेको कृषि औजार तथा सामग्री हस्तान्तरण कार्यक्रममा उनले यो योजना कार्यान्वयनका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिने बताए।



उनले सहकारी संस्थाको दर्ता, नवीकरण, नियमन, अनुगमन तथा संस्थागत क्षमता विकासलाई प्रदेश सरकारले प्राथमिकतमा राखिएको बताए । उनले भने,' एक सहकारी-एक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन गर्न बजेटमा आवश्यक व्यवस्था गरिएको छ ।' विभिन्न अन्नबाली, फलफूल, नगदेबाली तथा तरकारी र पशुपन्छी तथा मत्स्यपालनका पकेट र ब्लक क्षेत्र स्थापना र विस्तार गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको उनले उल्लेख गरे । भू-बनोट र सम्भाव्यताको आधारमा आलु खेती, चैते धान, सुन्तला, कागती, अलैंची, कफी, मरिच, सितल चिनी, म्याकेडेमिया नट्स, चेस्ट नट्स, च्याउ, रेशम खेती, घाँसेबाली, मौरीपालन जस्ता कार्यक्रमलाई बजेटको प्राथमिकतामा राखिएको उनको भनाइ थियो। पशु, फलफूल, तरकारी र अन्नबालीको नयाँ प्रजाति विकास, पशु नश्ल सुधार र उन्नत बिउ उत्पादन गर्ने अनुसन्धानात्मक कार्यक्रमलाई जोड दिँदै गाई, भैंसी तथा बाख्राको नश्ल सुधार गरी उत्पादकत्व बृद्धि गर्न स्रोत केन्द्रको विकासलाई प्राथमिकतामा राखेको मुख्यमन्त्री पोखरेलले बताए। उनले भने,'अन्नबाली, तरकारी, फलफूल तथा घाँसका स्वस्थ विरुवा उत्पादनका निम्तिप्रविधियुक्त नर्सरी स्थापना गर्ने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ ।उनका अनुसार स्याउ उत्पादनमा आत्मनिर्भर हुन हिमाली जिल्लामा उच्च घनत्वमा आधारित स्याउ खेती विकास कार्यक्रमलाई निरन्तरता दिइएको छ । कृषि उद्यमशीलता अभिवृद्धि गर्न नेपाल सरकारसँगको सहकार्यमा बाली तथा पशुपन्छी बिमा ल्याइएको सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने कार्यक्रम पनि सरकारले अगाडि सारेको भनाइ राखे । उनले भने, 'बाँझो तथा खेतीयोग्य जमीनको चक्लाबन्दी गरी सहकारी, सामूहिक, करार तथा व्यवसायिक खेतीलाई प्रोत्साहन गर्ने योजना सरकारको छ।'


उनले भेटेरिनेरी अस्पताल तथा पशुविज्ञ केन्द्रका प्रयोगशालाको स्तरोन्नति गर्न तथा पशु रोग नियन्त्रणका लागि पशुखोप कार्यक्रम सञ्चालन गरिने बताए । मुख्यमन्त्री पोखरेलले भौगोलिक सूचना प्रणाली मार्फत भू-उपयोगको तथ्यांक अद्यावधिक गरी प्रदेशस्तरीय भू-उपयोग योजना तयार गर्ने, सरकारी तथा सार्वजनिक, निजी र गुठी जग्गाको अभिलेख अद्यावधिक गरी व्यवस्थित गर्न लागिएको जानकारी उनले गराए । उक्त अवसरमा हाते ट्रयाक्टर, डिजिटल तराजु, सिँचाइ पाइप, हजारी, थोपा सिंचाइका लागि सामग्री किसानलाई हस्तान्तरण गरिएको छ। करिब ४७ लाख बराबरका सामान किसानलाई प्रदान गरिएको सहकारी अध्यक्ष शैलेन्द्रमोहन भट्टराईले बताए । कार्यक्रममा पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता यज्ञबहादुर थापाले ग्रामीण भेगकका नागरिकको आर्थिक समृद्धिका लागि सहकारीलाई अगाडि सार्नुपर्ने बताए । अहिले प्रदेशमा सरकारको नेतृत्व फेरिएसँग जनअपेक्षा पनि बढेको भनाइ राखे।

प्रदेश सभा सदस्य तथा अर्थ तथा विकास समिति सभापति दीपक कोइरालाले किसानलाई उकास्न प्रदेश सरकार र प्रदेश सभा सदस्य सधैं क्रियाशील रहेको भन्दै अब कृषिलाई उद्यमका रुपमा अगाडि बढाउनुपर्नेमा जोड दिए। नेपाली कांग्रेस कास्कीका सभापति कृष्णबहादुर केसीले किसानहरु अहिले प्रविधिमैत्री भएको भन्दै त्यस अनुसारको उत्पादन गरी राष्ट्रिय अर्थतन्त्रमा जोड दिनुपर्ने बताए । कांग्रेस कास्की सचिव देवेन्द्र रानाभाटले किसानलाई उद्यमशील बनाउन सहकारीको भूमिका उल्लेखनीय रहेको भनाइ राखे । सहकारीकी सल्लाहकार कोपिला रानाभाटले महिलाहरुलाई समेटेर अगाडि बढाउन सहकारीले उल्लेख्य भूमिका खेलेको बताइन्।

कृषि ज्ञान केन्द्र कास्की प्रमुख शालिग्राम भट्टराईले कृषितर्फ पनि बेलैमा ध्यान दिन आग्रह गरे । उक्त अवसरमा पोखरा २६ का वडाध्यक्ष नारायण अधिकारीले शुभकामना व्यक्त गरेका थिए। सहकारीका सचिव सूर्यप्रकाश बज्जाराले नगरपालिकाको २६ देखि ३३ गरी ८ वटा वडा कार्यक्षेत्र रहेको सहकारीमा १ हजार १ सय सदस्य रहेको बताए। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गगत कृषि ज्ञान केन्द्र कास्की र सिलिंगे सहकारीको साझेदारीमा ती सामग्री हस्तान्तरण गरिएको हो।

गण्डकी प्रदेश सरकार,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय पोखराको अनुरोध

नवजात शिशुलाई आमाको नाँगो छातीमा टाँसेर न्यानो बनाई राख्ने (मायाको अँगालो) विधि






# लायन्स क्लब अफ हेमजाद्वारा छात्रावृत्ति तथा खाद्यान्य वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

लायन्स क्लब अफ हेमजाले छात्रवृत्ति तथा खाद्यान्य सामाग्री वितरण गरेको छ।

क्लबको माइनुट हस्तान्तरण कार्यक्रम पारेर पोखरा- २५ हेमजा, सुइखेतमा अति विपन्न, अशक्त र असाय परिवारलाई खाद्यान्य सामाग्री वितरण गरेको हो । त्यसैगरी यसवर्ष पनि गत वर्ष झै पढौं अभियान अन्तर्गत विष्णुपादुका मावि हेमजामा कक्षा ८ मा अध्ययनरत सतिष मुल्मीलाई छात्रावृत्ति प्रदान गरेको छ। अघिल्लो वर्ष पनि मुल्मीलाई नै छात्रवृत्ति प्रदान गरिएको क्लबले जनाएको छ। कार्यक्रममा लायन्स क्लब अफ हेमजाका वर्ष २०२०-२१ का अध्यक्ष शिव पौडेलले वर्ष २०२१-२२ का अध्यक्ष प्रकाश पौडेललाई माइनुट हस्तान्तरण गर्नुभएको थियो।



कार्यक्रममा बोल्दै लायन्स क्लब ३२५ वि १ नेपाल वेलफेयर बैंक चिफ मिलन थापाले आफ्नो पदभार गर्दा नै क्लबले उदाहरणीय काम गरेको बताउनुभयो । एलसिआईएफ डिष्ट्रिक कोर्डिनेटर तथा लायन्स क्लब अफ हेमजाका पूर्व अध्यक्ष मोतिराज तिमिल्सिनाले डिष्ट्रिकले ल्याएका हरेक कार्यक्रममा क्लब सधै सक्रिय भएर लाग्न आग्रह गर्नुभयो । क्लष्टर चिफ पुरुषोत्तम पराजुली मानविय सेवामा क्लब सधै अग्रपक्तिमा रहनेमा आफु विश्वस्त रहेको बताउनुभयो । रिजन चेयरपर्सन जीवन गोर्खालीले यो वर्ष डिष्ट्रिकमा नमुना क्लब हुने गरि काम गर्न आग्रह गर्नुभयो । जोन १७ का जोन चेयरपर्सन केशवशरण पौडेल लायन्सको उद्देश्य अनुरुपनै क्लबले काम गरेको बताउनुभयो । लायन्स क्लब अफ हेमजाका अध्यक्ष प्रकाश पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा निवर्तमान अध्यक्ष शिव पौडेल, विष्णु पादुका माविका शिक्षक मिनबहादुर पराजुली थापा, जोन १७ का मिडिया कोर्डिनेटर प्रकाशचन्द्र सापकोटा, लायन्स क्लब अफ हेमजाका पूर्व अध्यक्ष नवराज त्रिपाठी, पूर्व अध्यक्ष हरिश्चन्द्र पौडेल, प्रथम उपाध्यक्ष डोलराज श्रेष्ठ, कोषाध्यक्ष गोविन्द अधिकारीले बोलेका थिए।

# खाजा कटाएर रोट्र्याक्ट पोखरा युनिभर्सिटीको राहत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

रोट्र्याक्ट क्लब अफ पोखरा युनिभर्सिटीले देशका विभिन्न ठाउँमा बाढीपहिरो पीडितका लागि राहत संकलन गरेको छ।

सामाजिक उत्तरदायित्व बहन गर्दै क्लबले क्याम्पियन अफ फ्लड भिक्टिम्स् नामक अभियान संचालन गरेको थियो । गत असार ६ देखि सुरु अभियानमा १० दिन अवधिमा ६३ हजार ७ सय २० रुपैयाँ संकलन गरिएको कार्यक्रम संयोजक एवं क्लबका कम्युनिष्टी सर्भिस डाइरेक्टर शत्रुधन साहले जानकारी दिए । संकलित राहत रकममध्ये २७ हजार ४ सय ४० रुपैयाँ बराबरको स्वास्थ्य सामग्री क्वीक रेस्पोन्स सेन्टर (क्यूआरसी) का लागि संयोजक विकल बराललाई पोखरामा शनिबार हस्तान्तरण गरिएको छ । कार्यक्रमका प्रमुख



अतिथि रोटरी क्लब अफ पोखरा लेकसाइडका वर्ष २०२१-२२ का अध्यक्ष हुम आलेले संकलित राहतले पीडितको लागि सहयोगसिद्ध हुने बताउँदै आगामी दिनमा क्लब सहकार्य गर्दै जाने प्रतिबद्धता व्यक्त गरे । युवाहरुको सक्रियताले समाजमा ठूलो सहयोग पुगेको अध्यक्ष आलले भने। रोटरी क्लब अफ पोखरा लेकसाइडका सर्भिस चेयर एवं रोटरी किड्नी केयर सेन्टरका अध्यक्ष कृष्ण थापाले सेवाका भावनाअनुरुप क्लबले पोखरा ७ मुस्ताङचोकमा पहिलो चरणमा ५ करोड लगानीमा किड्नी केयर सेन्टर निर्माण गर्न लागेको जानकारी दिए । क्वीक रेस्पोन्स सेन्टर (क्यूआरसी) संयोजक बरालले स्वास्थ्य सामग्री तत्काल सम्बन्धित क्षेत्रमा पठाइने प्रतिबद्धता व्यक्त गरे।

रोट्र्याक्ट पोखरा युनिभर्सिटी रोटरी लेकसाइडको स्पोन्सर क्लब रहेको रोटरी लेकसाइडका एडिटर एवं रोट्र्याक्ट सुभाष मल्लले बताए । राज्यको ध्यान चारैतिर जान नसकेको अवस्थामा क्लवले गरेको कार्य उत्तम भएको एडिटर मल्लले प्रशंसा गरे । क्लबले संकलित मध्ये ३६ हजार दुइसय ८० रुपैयाँ गण्डकी प्रदेशका बाढीपहिरो पीडितको हितमा सहयोग गरिने कम्युनिटी सर्भिस डाइरेक्टर साहले बताए। क्लबले कोरोना महामारी र लकडाउनकै बीचमा पनि विद्यार्थी तथा शुभचिन्तकबाट खाजा खाने रकम कटाएर संकलन गरेको हो । कार्यक्रममा रोट्र्याक्ट क्लब अफ पोखरा युनिभर्सिटीका उपाध्यक्ष रोहित दाहालले स्वागत र क्लब सर्भिस चेयर एवं प्रेसिडेन्ड इलेक्ट रमिन घिमिरेले संचालन गरेका थिए।

# फेवा वेगनासको पद हस्तान्तरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीको पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

शनिबार पोखरामा आयोजित कार्यक्रममा लायन वर्ष २०२०/२०२१ का अध्यक्ष शंकर पाण्डेले वर्ष २०२१/२२ को अध्यक्ष महेश्वर रिमाललाई पद तथा माइन्युट हस्तान्तरण गरेका हुन् । पदभार ग्रहण गर्दै अध्यक्ष रिमालले सबै साथीको सहयोगबाट आफ्नो कार्यकाल सफल बनाउने प्रतिबद्धता जनाए। क्लबका संस्थापक अध्यक्ष तथा लायन्स क्लब अफ डिष्ट्रिक ३२५ बि १ नेपालका क्लष्टर प्रमुख सन्तोष घिमिरेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो।



कार्यक्रममा बोल्दै उनले रिमालको नेतृत्वमा क्लबको गरिमा अझै उचाइमा पुऱ्याउने आशा व्यक्त गरे । क्लबका पूर्व अध्यक्ष तथा डिष्ट्रिक पिआरओ टंक ढकालले महत्वपूर्ण कार्यक्रम मार्फत क्लबको पहिचान बढाउन सबै लाग्नुपर्ने बताए। वर्ष २०२१/२२ को लागि क्लबको प्रथम उपाध्यक्षमा राजाराम पौडेल, द्वितीय उपाध्यक्षमा कृष्ण प्रसाद आचार्य, तृतीय उपाध्यक्षमा राजेश ढुंगाना, सचिवमा चित्र गुरुङ, क्लब एडमिनिस्टेटरमा अनुप बराल, कोषाध्यक्षमा टिका बहादुर लम्साल, सहसचिवमा महेश सुनार र सहकोषाध्यक्षमा लेखनाथ सुवेदी रहेका छन्।

यसैगरी क्लब निर्देशकमा घनश्याम आचार्य, जीवन कार्की, दिपक भण्डारी, प्रवेश उप्रेती, ऋषिराम खनाल, हेमराज तिवारी, नवराज अधिकारी र मिन नेपाली छन् । लायन वर्ष २०१६/२०१७ मा स्थापना भएको यस क्लबको नेतृत्व सन्तोष घिमिरे, पुरुषोत्तम राज भण्डारी, विधान गौतम, टंक ढकाल तथा शंकर पाण्डेले पुरा गरे।

क्लबका लायन वर्ष २०२०/२१ का अध्यक्ष शंकर पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रममा कोषाध्यक्ष अनुप बरालले क्लवको आयव्यय सार्वजनिक गरे। पद तथा माइन्युट हस्तान्तरण कार्यक्रम सचिव चित्र बहादुर गुरुङले सञ्चालन गरेका थिए।

# कोभिड पिडितलाई अध्यक्ष कार्कीको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

लायन्स क्लव अफ पोखरा सृजना चौतारीका अध्यक्ष कृष्ण बहादर कार्कीले कोभिड पिडितलाई सहयोग गर्दै आफ्नो कार्यकाल सुरु गरेका छन्। उनले कोभिड पिडितलाई एक लाख एक हजार रुपैयाँ सहयोग गरे।

क्लबको पद तथा माइन्युट हस्तान्तरण कार्यक्रममा वर्ष २०२१-२०२२ का अध्यक्ष कार्कीले सो सहयोग गरेका हुन्। पर्वतको कुश्मा नगरपालिका ३ दुर्लुङ घर भई हाल पोखरा महानगरपालिका ४ गैह्रापाटन बस्ने केशव सुवेदीको केहि समय अगाडि कोभिड संक्रमणका कारण निधन भएको थियो । उनै स्वर्गीय



सुवेदीको परिवारलाई अध्यक्ष कार्कीले क्लव मार्फत आर्थिक सहयोग गरेका हुन्।

सोही कार्यक्रममा अध्यक्ष कार्कीले २५ बुँदे सामाजिक सेवाका आफ्नो भावी कार्ययोजना प्रस्तुत गरे। आफ्नो कार्यकाल अविस्मरणिय बनाउन सबै साथीहरुलाई साथमै लिएर अगाडि बढ्ने उनको प्रतिबद्धता थियो । सेवा मुलक संस्थामा रहेर सामाजिक सेवा गर्ने आफ्नो रुचि क्लब लायन्स क्लब मार्फत गर्न पाएकोमा उनले खुशी व्यक्त गरे । लायन्स क्लव अफ ३२५ बि १ नेपालका एफ डब्लु सी संयोजक विना गुरुङको प्रमुखको आतिथ्यतामा भएको कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष एवं सिनियर एडभाइजर बालकृष्ण बराल, एसिस्टेन्ट चिफ एडभाइजर तथा ट्रि प्लान्टेसन डिर्पाट चिफ बसन्त गिरी, मोडल भिलेज डेपुटी चिफ जित बहादुर थापा गोपाल, डिष्ट्रिक पिआरओ राजु बराल, डिष्ट्रिक अफिसर विष्णु शर्मा र रिजन चियरपर्सन जीवन गोर्खालीले आफ्ना भनाई राख्दै लायन्सहरु सामाजिक कार्यमा सधै क्रियाशिल बन्नुपर्नेमा जोड दिए।

## आँधीखोलाको...

अस्पताल र स्याङ्जाको भीरकोट नगर अस्पताललाई ट्रमा सेन्टरको रुपमा स्तरोन्नति गरिने पनि उनले बताए । मुख्यमन्त्री पोखरेलले भने, 'स्थानीय तहसँगको समन्वय र सहकार्यमा गोरखा जिल्लाको आँपपिपल अस्पताललाई ५० शय्याको बनाउन प्रकृया अगाडि बढाउने हाम्रो नीति छ ।' प्रदेश मातहतको गण्डकी विश्वविद्यालयमा ३ सय ५० शय्याको जनरल, ५० शय्याको मुटु रोग, ५० शय्याको अर्बुद रोग, ५० शय्याको मृगौला रोगसहित ५ सय शय्याको शिक्षण अस्पताल स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्न आवश्यक बजेटको व्यवस्था गरिएको उनले बताए । अपांगता भएका व्यक्ति, असहाय, अशक्त, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक र विपन्न वर्गको उपचार सुविधालाई निरन्तरता दिने, क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरीजस्ता रोगबाट पीडित अति गरिब विरामीलाई उपचारको लागि आर्थिक सहयोग गर्ने कार्यक्रमलाई सरकारले निरन्तरता दिएको छ। मुख्यमन्त्रीले भने, 'यस्ता रोगबाट पीडित बिरामीहरूलाई दोहोरो नपर्ने गरी औषधि उपचारको लागि मासिक ४ हजार रुपैयाँका दरले सुविधा उपलब्ध गराउने छ ।' प्रदेश मातहतका अस्पतालहरूबाट ६५ वर्ष माथिका ज्येष्ठ नागरिकहरूलाई निशुल्क स्वास्थ्य उपचार सुविधा दिइने जानकारी गराउँदै उनले प्रदेशका नागरिकहरूलाई आधार भूत स्वास्थ्य सेवा सुनिश्चित गर्न 'स्वास्थ्य बिमाः सरकारको जिम्मा' कार्यक्रम सञ्चालन गर्ने पनि बताए।

स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रदेश मातहतका जिल्ला स्वास्थ्य कार्यालय मार्फत् वार्षिक ६ हजार प्रोत्साहन भत्ता दिने, आयुर्वेद तथा प्राकृतिक चिकित्सा लगायतका वैकल्पिक चिकित्सा सेवालाई प्रवर्द्धन गरिने मुख्यमन्त्री पोखरेलले बताए। आँधीखोलाको सेतीदोभानमा २०६७ सालमा महायज्ञ गरेर जग्गा खरिद गरी आँधीखोला विकास तथा वातावरण स्वच्छता समूह( गार्डेन) को अग्रसरतमा सामुदायिक अस्पताल स्थापना भएको हो । २ वर्षअघि गाउँपालिकामा अस्पताल हस्तान्तरण भएसँग सेवा ठप्प रहेको गार्डेनका संस्थापक जयराम पौडेलले बताए। नागरिकको उपचारका लागि धेरै दुख गरेर खोलेको अस्पताल सञ्चालनको जिम्मा प्रदेश सरकारले लिन पनि उनले आग्रह गरे। गार्डेनका अध्यक्ष टीकाराम ढकालले धेरै दुख गरेको सञ्चालनमा ल्याएको अस्पताल अहिले अलपत्र हुँदा साह्रै नराम्रो लागेको बताए । पोहोर कोभिडको महामारीका बेला अस्पताललाई क्वारेन्टाइनका रुपमा प्रयोग गरिएको थियो।

अहिले भूकम्प पुनर्निमाण प्राधिकरणको लगानीमा ३ अलग भवन बनाउन लागिएको हो। करिब ५ करोड लागतमा ३ वटा भवन बनिसकेपछि उत्कृष्ट सेवा प्रदान गर्न सकिने विश्वास अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीप पौडेलले बताए। गार्डेनका सचिव नवीन ढकालले अस्पतालमा दरबन्दी कायम गर्न र सेवा सुचारु गर्न सहजीकरणका लागि प्रदेश सरकारसँग आग्रह गरे।

# महिला पर्यटन व्यवसायीद्वारा मानसिक र शारीरिक स्फूर्तिका लागि १५ दिने योगशिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ असार**

महिला पर्यटन व्यवसायी मञ्च ओटेफले संस्थाका सदस्यहरुको मानसिक एवम् शारीरिक स्फूर्तिका लागि आयोजना गरेको १५ दिने योग शिविर समापन भएको छ।

पर्यटन क्षेत्रमा क्रियाशिल व्यवसायी महिलाहरुको संस्था ओटेफले कोरोना महामारीका कारण व्यवसाय ठप्प हुँदा यसबाट सिर्जित हुन सक्ने मानसिक तनावसँगै स्वास्थ्य अवस्थालाई मध्यनजर गरेर १५ दिने योग शिविरको आयोजना गरेको संस्थाका अध्यक्ष पार्वती पाण्डेले जानकारी दिनुभयो । स्वस्थ जीवनका लागि योगको महत्व निकै रहे पनि व्यवहारिक अभ्यास हुन नसकेको जनाउँदै कोरोना महामारीको समयमा योग शिविर यसको महत्वलाई उजागार गरेको बताउनुभयो । उहाँका अनुसार हरेक दिन बिहान साढे पाँचबजेबाट सातबजेसम्मको समयमा भर्चुअल माध्यमबाट योग गुरु दुर्गादेवी सुवेदीले योग साधनाको अभ्यास गराउनुभएको थियो। योग गुरु सुवेदीले व्यवसायको क्षेत्रमा सक्रिय महिलाहरुले योग साधनाको महत्व बुझेर शिविर सञ्चालन गर्नु निकै सकारात्मक भएको जनाउँदै दैनिक जीवनमा योगाभ्यास गर्नसके तन मन र मष्तिस्कलाई स्वस्थ राख्न सकिने बताउनुभयो। समापन कार्यक्रमा पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले कोरोना महामारीबाट सिर्जित अवस्थाले धेरै पर्यटनव्यवसायीलाई मानसिक तनाव निम्त्याइरहेको जनाउँदै यसको व्यवस्थापन गर्न योग साधनाको आवश्यकता औल्याउनु भयो । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने योगाभ्यासले शारीरिक र मानसिक स्वास्थ्यलाई सन्तुलनमा ल्याउन सहयोग पुऱ्याउने बताउनुभयो।

ओटेफका संस्थापक अध्यक्ष जमुना पराजुलीले विभिन्न जिम्मेवारी र भूमिकामा रहेका व्यवसायी महिलाहरुका लागि योगाभ्यासले ऊर्जा प्रदान गर्न सफल भएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपति प्राडा पुण्यप्रसाद रेग्मी योग्याभ्यास गर्दा हुने फाइदाको बारेमा आफ्नो अनुभवहरु सुनाउनुभएको थियो।


कार्यक्रममा अमेरिकाबाट योग गुरु ललित शंकर योगीले पनि योग महत्वको बारे आफ्नो धारणा राख्नुभएको थियो। दैनिक ८० देखी एकसय जनाको सहभागिता रहेको सो कार्यक्रममा देश विदेशबाट पनि सहभागिता रहेको कार्यक्रम संयोजक शर्मिला न्यौपानेले जानकारीदिनुभयो । संस्थाका सचिव ममता न्यौपानले कोरोना कहरको समयमा पनि भर्चुअल माध्यमबाट पर्यटन व्यवसायी महिलाको क्षमता दक्षता अभिवृद्धिका विविध कार्यक्रम सँगै पछिल्लो पटक तनाव व्यवस्थापन र शारीरिक स्फूर्तिका लागि योग शिविरको आयोजना गरेको जानकारी दिनुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान :**
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरीलिअस्

## सम्पादकीय

# चिनियाँ कम्युनिस्ट पार्टीको एक सय वर्ष

चिनियाँ कम्युनिस्ट पार्टीले स्थापनाको एक सय वर्ष भव्य समारोहबीच मनाएको छ। विश्वले चिनियाँ कम्युनिस्ट पार्टीको सरकारले कसरी प्रगति गर्न सफल भएको छ भन्ने बुझ्न पाएको छ। कम्युनिस्ट पार्टीले सम्पूर्ण संयन्त्र प्रयोग गरि चिनियाँ नयाँ पुस्तामा कम्युनिस्ट पार्टीप्रतिको आस्था विस्तार गराउन सफल भएको छ। विश्वलाई चिनियाँ समाजवादको श्रेष्ठता स्थापित गर्न सकेको व्यवस्थित र अनुशासित समारोहले देखाइदिएको छ। सन् १८४० को दशकदेखि १९४९ सम्म साम्राज्यवादको थिचोमिचो सहेको र पछाडि पारिएको चीनले कम्युनिस्ट पार्टीको नेतृत्वमा पछिल्लो ७२ वर्षमा अभुतपुर्व परिवर्तनमा चिनियाँ समाजको अगुवाइ गरेको छ। कम्युनिस्ट शासनको पहिलो २५ वर्षजति सुधार, उन्नति, उथलपुथल भएका थिए। क्रान्ति पछि अनिकालसमेत व्यहोरेको चीन अहिले विश्वको दोस्रो ठूलो आर्थिक शक्ति बनेको छ। विश्वशक्तिका रूपमा आर्थिक, सैन्य र प्रविधिमा गरेको विकासका दृष्टिले पनि चीन दोस्रो शक्ति बनेको छ। हालै मात्र चीनले आधारभूत तहको गरिबी समाप्त पारेको घोषणा गरेको छ। ४० वर्षको लगातारको आर्थिक उन्नतिमार्फत ७० करोड जनसंख्यालाई निरपेक्ष गरिबीबाट मुक्त गरेको छ।कम्युनिस्ट पार्टीले जनतालाई गरिबीबाट मुक्त गर्न सक्छ भन्ने प्रमाणित गरिदिएको छ।

कम्युनिस्ट पार्टी देश र जनताप्रति निष्ठाका साथ काम गर्न सक्छ भने अरु पार्टीले पनि सिक्ने हो भने सत्तारुढ हुने कम्युनिस्ट पार्टीबाट पनि देशको आर्थिक, सामाजिक रूपान्तरणमा अवश्यै योगदान पुग्ने थियो। आफ्नो आर्थिक तथा सामरिक शक्ति विस्तार हुँदै जाँदाका प्रभाव विश्वमा महसुस गरियोस् भनेर उसले विभिन्न संस्था स्थापना र विकास गरेको छ। एसियाली पूर्वाधार विकास बैंक, ब्रिक्स बैंक, साइहाई कोअपरेसन काउन्सिल, पूर्वी युरोपेली देश-चीन सहकार्य, अफ्रिका-चीन सहकार्य र बिआरआई जस्ता संस्था र कार्यहरू पश्चिमकेन्द्रित विचार र शक्तिलाई चुनौती दिने विकल्प बन्दै गएका छन्। चिनियाँ जनता पहिलेभन्दा धनी भएका छन् र तिनको आत्मगौरव बढ्दै जाँदा चिनियाँ राष्ट्रवाद बलशाली हुँदै आएको छ। अहिलेका चिनियाँ कम्युनिस्टले सम्पन्नतासहितको राष्ट्रवाद, मार्क्सवाद, बजार समाजवाद र कन्फ्युसियसको व्यवहारवादी अध्यात्मवाद घालमेल गरेर आफ्नो वैधानिकता स्थापित गरिरहेको विश्लेषण पश्चिमाहरूको छ। विश्वको सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा साम्यवादमा विश्वास गर्ने चिनियाँ कम्युनिस्ट पार्टीमा पाँचौं पुस्ताले नेतृत्व गरिरहेको छ। अहिलेको नेतृत्व १९४९ को जनवादी क्रान्तिपछि जन्मेको हो। सांस्कृतिक क्रान्तिको उथलपुथल भोलेको र देङ स्याओपिङको सुधारवादका समयमा आफ्नो करियर उठाएको यस पुस्ताले बजार समाजवादले दिएको सम्पन्नताको समयमा हुर्केको पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नेछ। चिनियाँ कम्युनिस्ट पार्टीको यस्तो सफलताले विश्वलाई उदारवाद र साम्यवादबीचको विचारधारात्मक ध्रुवीकरणतिर लाने सम्भावना छ। खासगरी अमेरिकी नेतृत्वमा अहिले चीनका विपक्षमा भइरहेका गठबन्धनका प्रयासले यही देखाउँछ।

नेपालमा कम्युनिस्ट विचारको विस्तार र शक्ति आर्जनमा चिनियाँ कम्युनिस्ट पार्टीको विचारधाराको प्रभाव जबर्जस्त थियो। लामो समय त नेपालका कम्युनिस्टहरू मस्कोपन्थी र पेकिङपन्थी भनेर चिनिन्थे। पछिल्लो समय चिनियाँ कम्युनिस्ट पार्टी र नेकपाका हाँगाबिँगाबीच विचारधारात्मक आदानप्रदान र सहयोग बढ्दै गएको छ। सी जिन पिङ र उनको दलको प्रभाव या उपस्थिति नेकपामा मात्र होइन, नेपाली राजनीतिमा पनि अनुभव गर्न थालिएको छ। नेपालका कम्युनिस्टले राणाशाहीविरुद्ध गरेका आन्दोलन, पञ्चायतविरुद्धका संघर्ष र जनयुद्धसहित अन्य आन्दोलनमा गरेको त्यागले अवश्य पनि नेपाललाई अहिलेको लोकतान्त्रिक र समावेशी प्रतिनिधित्वसहितको राज्य व्यवस्था स्थापनामा मुख्य भूमिका खेलेको छ। तर, जनताको सेवा गर्ने र देशको आर्थिक सामाजिक रूपान्तरण गर्ने मामिलामा सरकारमा गइसकेपछि उनीहरूले खेल्नुपर्ने भूमिकामा भने कम्युनिस्टको भूमिका आशालाग्दो छैन। सीमित सुधारका कामबाहेक उनीहरू आफैं वर्गोत्थान र अभिजात वर्गमा रूपान्तरण हुने दिशामा सक्रिय रहेका देखिन्छन्। नेपालमा चीनको जस्तो एकदलीय शासन व्यवस्था सम्भव पनि छैन र नेकपाको विचारले पनि त्यसलाई स्वीकार गर्दैन। तर, चिनियाँ कम्युनिस्ट पार्टीको देश र जनताप्रतिको निष्ठाबाट सिक्ने हो भनेचाहिँ सत्तारुढ हुने कम्युनिस्ट पार्टीबाट देशको आर्थिक सामाजिक रूपान्तरणमा अवश्य योगदान पुग्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : मानसिक तनाव | धनु | : मन चञ्चल |
| कर्कट | : आर्थिक समस्या | मकर | : ब्यापारमा लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बेनी अस्पतालमा इन्डोस्कोपी सेवा

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

म्याग्दीको बेनी अस्पतालमा इन्डोस्कोपी सेवा सञ्चालनको तयारी अन्तिम अवस्थामा पुगेको छ। एकसाताभित्र सञ्चालनमा ल्याउने गरी आवश्यक उपकरणहरु जडान गर्न लागिएको अस्पताल विकास समितिले जनाएको छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको ३० लाख रुपैयाँ बजेटबाट उपकरण खरिद गरी सेवा सञ्चालन गर्न लागिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कटुवालले बताउनुभयो। "यो सेवा म्याग्दीका लागि अतिनै आवश्यक हो", उहाँले भन्नुभयो,"सेवा सञ्चालनमा आएपछि धेरै बिरामीले राहत महसुस गर्ने छन्।"

निवर्तमान सांसद भुपेन्द्रबहादुर थापाको पहलमा धौलागिरि गाउँपालिकालाई विनियोजन गरेको उक्त बजेट गाउँपालिकाले अस्पतालमा इन्डोस्कोपी मेसिन खरिद गर्न सहयोग गरेको अध्यक्ष कटुवालले बताउनुभयो। अस्पतालमै सेवा सञ्चालन भएपछि इन्डोस्कोपी सेवा लिन पोखरा जानुपर्ने बाध्यता हट्ने अध्यक्ष कटुवालले जानकारी दिनुभयो। "सबै उपकरणहरु आइपुगेका छन्", अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कटुवालले भन्नुभयो, "एकहप्ता भित्र सेवा सञ्चालनको तयारी गरेका छौं। यो बेनी अस्पतालको नयाँ सेवा हो।"

इन्डोस्कोपी सञ्चालनका लागि दक्ष जनशक्ति पनि भएकाले सेवा सञ्चालन गर्न कुनै कठिनाई नभएको उहाँले बताउनुभयो। यस प्रविधिबाट अल्सर, क्यान्सर भएको समेत सहजै थाहा पाउन सकिन्छ।

# स्थापना दिवसमा खाद्यान्न सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १९ असार

पोखरा महानगरपालिका वडा नं २७ स्थित तालचोक कृषि सहकारी संस्थाले आफ्नो स्थापना दिवसमा श्रीकृष्ण प्रणामी वृन्दावन धाम डाँडाकोनाकलाई खाद्यान्न तथा स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको छ। सहकारीले चामल दाल, तेल, आलु मसला, बिस्कुट र चिउरा लगायतका सामग्री हस्तान्तरण गरेको हो। संस्थाका अध्यक्ष उत्तम भण्डारीले कोभिड - १९ को सङ्कटको समयमा आश्रममा सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरिएको बताउनुभयो। उक्त अवसरमा मास्क, स्यानिटाइजर लगायतका सामग्री समेत हस्तान्तरण गरिएको थियो।

कार्यक्रममा धामका गुरु स्वामी विष्णु वशिष्टले दाताहरूको सहयोगले आश्रमका रहेका ज्येष्ठ नागरिक र बालबालिकालाई दैनिक जीवनयापनमा सहज हुँदै आएको बताउनुभयो।

# काटियो मर्स्याङ्दीले भासिएको पुलको लठ्ठा

पोखरापत्र संवाददाता
दमौली, १९ असार

निरन्तरको वर्षाका कारण मर्स्याङ्दीमा आएको बाढीले भासिएको झोलुङ्गे पुलको लठ्ठा काटिएको छ। तनहुँको आँबुखैरेनी गाउँपालिका-२ एक्लेफाँट र गोरखा नगरपालिका-१४ जोड्ने झोलुङ्गे पुल बिहीबार राति आएको बाढीले भासिएको थियो।

पुलमा थप जोखिम हुन नदिन लठ्ठा काटिएको तनहुँका निमित्त प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। बाढीले तनहुँतर्फको पुलको भाग भासिएर नदीमा पुगेको थियो। "पुल मर्मत नभइञ्जेल थप जोखिम हुन नदिन पुलको लठ्ठा काटिएको छ", बरालले भन्नुभयो। पुलबाट दैनिक सयौँ सर्वसाधारण वारपार गर्दथे। गोरखास्थित अकला मन्दिर जाने बाटो पनि यही पुल थियो। पुल भत्किएपछि सर्वसाधारणलाई आवतजावतमा समस्या भएको छ।

# तनहुँका दुई अस्पताललाई ३० लाखको स्वास्थ्य सामग्री सहयोग

पोखरापत्र संवाददाता
तनहुँ, १९ असार

कारितास नेपालले तनहुँका दुई अस्पताललाई रु ३० लाख भन्दा बढीको स्वास्थ्य सामग्री सहयोग गरेको छ। कोभिड-१९ महामारी नियन्त्रणका लागि यस संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत आर्थिक सहयोगमा सदरमुकामस्थित दमौली अस्पताल र शुक्लागण्डकीस्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई रु ३० लाख ५२ हजार १५७ बराबरको स्वास्थ्य सामग्री सहयोग गरेको हो।

दमौली अस्पताललाई रु १९ लाख १५ हजार १२३ र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रलाई रु ११ लाख ३७ हजार ३४ बराबरको स्वास्थ्य सामग्री सहयोग गरिएको छ। ती सामग्री कारितास नेपालका प्राविधिक संयोजक राजेश सुनुवार र कार्यक्रम संयोजक हरिसिं कुँवरले दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीलाई शुक्रबार हस्तान्तरण गर्नुभयो।

दमौली अस्पताललाई शय्या, अक्सिजन कन्सन्ट्रेटर, अक्सिमिटर, मास्क, स्यानिटाइजर, पिपिई, पञ्जा, फेससिल्ड, स्यानिटाइजर लगायतका सामग्री सहयोग गरिएको छ। त्यस्तै जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रका लागि पनि अस्पताल शय्या, अक्सिजन कन्सन्ट्रेटर, अक्सिमिटर, मास्क, स्यानिटाइजर, पिपिई, पञ्जा, फेससिल्ड, स्यानिटाइजर लगायतका सामग्री सहयोग गरिएको छ। कोभिड-१९ न्यूनीकरणका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्झौता गरी सामग्री हस्तान्तरण गरिएको कुँवरले जानकारी दिनुभयो। उहाँका अनुसार सो संस्थाले गण्डकी प्रदेशअन्तर्गतका विभिन्न अस्पताललाई रु एक करोड २० लाखभन्दा बढीको स्वास्थ्य सामग्री सहयोग गर्नेछ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले स्वास्थ्य सामग्रीले स्वास्थ्यकर्मीलाई प्रेरणा मिल्ने र कोभिड सङ्क्रमितको उपचारमा सहयोग पुग्ने बताउनुभयो। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सुनिल पौडेलले माग गरेका सामग्री सहयोग प्राप्त हुँदा कोभिड उपचारमा सहज वातावरण सिर्जना भएको बताउनुभयो। विभिन्न सङ्घसंस्थाको सहयोगमा अस्पताललाई सामग्री सहयोग भइरहेको डा पौडेलले जानकारी दिनुभयो।

दमौली अस्पताल र जिपीका अलवा गोरखा अस्पतालका लागि रु १३ लाख ३७ हजार ४१२, लमजुङ अस्पतालका लागि रु १३ लाख ६५ हजार ८४९, सरुवा रोग सङ्क्रामक अस्पताल पोखराका लागि रु १९ लाख २८ हजार ४६८, आँपपीपल अस्पताल गोरखाका लागि रु आठ लाख ३१ हजार ९१७ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि रु ३५ लाख ८२ हजार ६०८ बराबरको स्वास्थ्य सामग्री सहयोग गरिने संस्थाले जनाएको छ।

# पहिराले घर पुरिँदा एकै परिवारका दुईको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, १९ असार

गोरखामा पहिराले घर पुरिँदा एकै परिवारका दुईजनाको मृत्यु भएको छ। सिरानचोक गाउँपालिका-७ उपल्लो गोहोरेमा शनिबार बिहान माथिबाट खसेको पहिराले ८० वर्षीय रमन पाण्डेको घर पुरिँदा पाण्डेसहित उहाँकी श्रीमती ७० वर्षीया नन्दकुमारी पाण्डेको मृत्यु भएको प्रहरीले जनाएको छ।

पहिरले पाण्डेको भूकम्पपछि पुनर्निर्माण गरिएको टिनले छाएको एकतले कच्ची घर पूर्णरूपमा पुरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरीनायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो। घटनालगत्तै स्थानीयवासीले उद्धारको प्रयास गरेको भए पनि करीब ४ घण्टापछि दुवैको शव पहिराबाट निकालिएको उहाँले बताउनुभयो। इलाका प्रहरी कार्यालय जौबारीबाट गएको प्रहरीको टोलीले स्थानीयवासीको सहयोगमा शव निकालेको हो। सो घरमा पाण्डे दम्पती मात्रै बस्दै आएका थिए।

यसै गरी उत्तरी गोरखाको आरुघाट गाउँपालिका-३, सोतीस्थित फुङ्गी खोलाले बगाएका एक पुरुषको आज उद्धार गरिएको छ। खोलाले बगाएका आरुघाट गाउँपालिका-१ श्यामचेतका २६ वर्षीय किरण लामालाई स्थानीयवासीले उद्धार गरेको प्रहरीले जनाएको छ।

बिहान करीब ९:३० बजे खोला तर्ने क्रममा एक्कासि खुट्टा चिप्लिएपछि खोलाले बगाएका लामालाई २० मिटरसम्म बगाएर बगरमा पुऱ्याएको थियो। घटनालगत्तै स्थानीयवासीले देखेपछि लामाको उद्धार गरिएको उहाँको भनाइ छ। अचेत अवस्थामा उद्धार गरिएका लामाको अहिले आरुघनौटे प्राथमिक स्वास्थ्य केन्द्र आरुघाटमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रनाउ दाहालले जानकारी दिनुभयो।

# मनसुनजन्य विपद् : पाँच हजार विस्थापित

रासस
काठमाडौं, १९ असार

मनसुनजन्य विपद्मा परेर पछिल्लो २० दिनमा ३८ को मृत्यु भएको छ। चौबीस बेपत्ता छन् भने ५१ जना घाइते भएका छन्।

उक्त अवधिमा भएका ४०० बढी विपद्का घटनामा एक हजार ५७ घरका पाँच हजार १०१ मानिस विस्थापित भएका छन्। उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। विपद्मा परेर आजमात्रै थप चार जनाको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

बाढी तथा पहिरोमा परेका एक हजार २५० जनाको विभिन्न ठाउँबाट उद्धार गरिएको छ। वर्षाको कारण सिन्धुली, धादिङ, काभ्रे, गोरखा, लमजुङ, खोटाङलगायत स्थानमा आज अवरोध भएका सडक पहिरो हटाइ सञ्चालनमा ल्याउने कार्य जारी रहेको छ। केही सडक खुलेका छन्। प्राप्त विवरणअनुसार बाढीका कारण ७९० घर डुबानमा, ५१९ घर, ९० गोठ, ३९ वटा पुल, ३ विद्यालय र ११ वटा सरकारी कार्यालयमा क्षति पुगेको छ। कुल ८१८ वटा पशुचौपाया मरेका छन्।

पछिल्लो २० दिनमा मृत्यु भएका ३८ मध्ये २० पुरुष, ११ महिला, चार बालक र तीन बालिका छन्। मृत्यु हुनेमा सिन्धुपाल्चोकका पाँच, डोटीका चार, रोल्पा र गोरखाका तीन/तीन, चितवन, तनहुँ, प्युठान र रौतहटमा दुई/दुई, ललितपुर, खोटाङ, सप्तरी, काभ्रे, धादिङ, सिन्धुली, जुम्ला, अर्घाखाँची, दाङ, पाल्पा, कास्की, कालिकोट, पाँचथर, बझाङ र बाजुराका एक/एक जना रहेका छन्।

विपद्मा परेर अहिलेसम्म २४ जना बेपत्ता भएका छन्। बेपत्ता हुनेमा १५ पुरुष, छ महिला, दुई बालक र एक बालिका छन्। उनीहरूमध्ये सिन्धुपाल्चोकका २०, चितवनका तीन र बाजुराका एक जना छन्। बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक बसन्तबहादुर कुँवरले जानकारी दिनुभयो।

यसै गरीपहिरामा पुरिएर आज गोरखा र धादिङमा गरी चार जनाको मृत्यु भएको छ। गोरखा जिल्लाको सिरानचोक गाउँपालिका-७ का ८० वर्षीय रमन पाण्डे र श्रीमती ७० वर्षीया नन्दकुमारी पाण्डेको मृत्यु भएको प्रहरीले जनाइएको छ। यस्तै धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिका-१० जवाङखोलास्थित सडकमा खसेको पहिरोमा परी भारत घर भएकी ४३ वर्षीया सोनी देवी र अर्को एक पुरुषको सोही पहिरोमा खसेको ढुङ्गा लागेर एक पुरुषको पनि ज्यान गएको जनाइएको छ।

उक्त पहिरोमा परी सडकमा गुडिरहेको बा १२ च ७१५६ नम्बरको म्याजिकसहित पाँच वटा सवारी साधनमा क्षति भएको छ। अन्य तीन घाइते भएका थिए।

# प्रतिबन्धित वन लसुनसहित दुई पक्राउ

पोखरापत्र संवाददाता
मनाङ, १९ असार

प्रतिबन्धित वन लसुनसहित दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा गोरखाको धार्चे गाउँपालिका -५ गुम्दा घर भइ हाल मनाङको चामे गाउँपालिका -३ खितीपुर बस्ने ४५ वर्षीय कान्छा भन्ने माइला गुरुङ र धार्चे- ७, लापु घर भइ हाल खितिपुरमा बस्दै आएका ३८ वर्षीय जितबहादुर गुरुङ रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक सुवास खड्काले उनीहरूलाई करिव ३० किलो प्रतिबन्धित वन लसुन सहित पक्राउ गरेको जानकारी दिनुभयो। सो लसुन ६ लाख रुपैयाँ बराबरको भएको बताइएको छ। उनीहरूले नार्पाभूमिको नार गाउँका कृषकहरुबाट प्रतिकेजी चार हजारको दरले किनेर ल्याएको उहाँले बताउनुभयो। बरामद गरिएको वन लसुन नासोँ गाउँपालिका -५ थोचे हुँदै मनास्लु पदमार्गमा पर्ने तिल्चे, भीमथाङ हुँदै लार्के पास गरेर गोरखाका ४६ वर्षीय छिरिङ बुन्जो लामालाई बिक्री गर्ने तयारी गरेको प्रहरीले जनाएको छ।

उच्च पहाडी क्षेत्रको २ हजार ५०० देखि ५ हजार उचाइसम्म पाइने वन लसुन यार्सागुम्बा सङ्कलन सकिएपछि जेठ असारमा सङ्कलन गरिन्छ। लेकमा पाइने वन लसुन घाउ चोटपटक तथा शल्यक्रियाका बिरामीलाई औषधिको रुपमा दिइने बताइएको छ।

# गोरखामा खोलाले बगाएर एक युवकको मृत्यु

पोखरापत्र संवाददाता
गोरखा, १९ असार

गोरखाको आरुघाट गाउँपालिका-१ श्यामचेतका एक युवकको खोलाले बगाएर शनिबार मृत्यु भएको छ।

बिहान करिब ९:३० बजे आरुघाट गाउँपालिकाको वडा नं ३ स्थित फुङ्गीखोला तर्ने क्रममा चिप्लिएपछि खोलाले बगाएका २६ वर्षीय किरण लामाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो।

खोलाले बगाएर करिब २० मिटर तल पुऱ्याएको र पानीको भेलले लामालाई किनारामा फालेपछि स्थानीयवासी देखेर उद्धार गरेको उहाँले जानकारी दिनुभयो। अचेत अवस्था उद्धार गरिएका लामालाई उपचारका लागि आरुघाट प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याइएको थियो। उहाँको उपचार गर्दागर्दै करिब ११:०० बजे मृत्यु भएको प्रहरी नायब उपरीक्षक दाहालले बताउनुभयो।

लगातारको वर्षाका कारण उर्लिएर आएको फुङ्गीखोला लामालाई बगाएको हो। मृतकको शव परीक्षण गरी परिवारलाई बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# संक्रमितभन्दा निको हुने धेरै

रासस
काठमाडौं, १९ असार

पछिल्लो २४ घण्टामा देशभर दुई हजार ३२८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सोही अवधिमा १० हजार १३३ जनाको परीक्षण गर्दा दुई हजार ३२८ जनामा सङ्क्रमण पुष्टि भएको हो। त्यसैगरी सोही अवधिमा तीन हजार ६६ जना सङ्क्रमण मुक्त भएका छन्।

मन्त्रालयका अनुसार देशभर हालसम्म कोरोना सङ्क्रमितको कुल संख्या ६ लाख ४३ हजार ५८० जना र निको हुनेको सङ्ख्या ६ लाख ६६ हजार ६६६ पुगेको छ। सोही अवधिमा सङ्क्रमणबाट १९ जनाको मृत्युभएको छ। योसँग मृत्यु हुनेको सङ्ख्या ९ हजार १९८ पुगेको मन्त्रालयले जनाएको छ।

# भादगाउँ खानेपानीका चार मुहान पुर्‍यो, दुई हजार घरधुरी प्रभावित

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ असार**

अविरल वर्षाले तनहुँको व्यासनगरपालिका-१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको चार खानेपानीका मुहान पुरेपछि खानेपानीको समस्या भएको छ।

तीन दिनदेखि परेको अविरल वर्षाका कारण बाढी र पहिरो गएर पानीको मुहान तथा पाइप बगाउँदा व्यास- १ र १२ का गरी दुई हजार ५०० उपभोक्ता प्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

धारामा पानी नआएपछि दुई दिनदेखि बोरिङ र खोला छेउमा रहेको कुवाको पानी ल्याएर स्थानीय जीविकोपार्जन गर्न बाध्य भएका छन् । वर्षापछि खानेपानीको सबै मुहान अवरुद्ध भएपछि छाब्दीखोला किनारमा रहेको कुवाबाट पानी बोकेर खानुपर्ने बाध्यता रहेको निर्मलनगर टोल विकास संस्थाका पूर्वअध्यक्ष अम्मर भण्डारीले जानकारी दिनुभयो ।

उक्त खानेपानीको कार्यालयदेखि करीब १३ किलोमिटर लामो दूरीमा पर्ने खिरखाँदी मुहानबाट ल्याइएको खानेपानी सोही वडाको बेलबासमा ४५ मिटर जिआई पाइप बगाएपछि खानेपानी अवरुद्ध भएको छ। उक्त मुहानको पानी प्रतिसेकेन्ड नौ लिटर क्षमता रहेको छ । व्यास-१ र १३ जोड्ने छाब्दी खोला दोभानको पक्की मोटरेबल पुल बगाएपछि तत्काल मर्मतसम्भार गर्न कठिनाइ भएको समितिका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो । छाब्दी खोलामा आएको बाढीले पुल बगाएकाले सामान लिएर जान नसकिने हुँदा पुल बनेपछि मात्रै मर्मतसम्भार गर्न सकिने उहाँले बताउनुभयो ।

त्यसैगरी छाब्दी खोलाको मुहानबाट ल्याइएको पानीको पाइप बगाएर करीब ९०० तल पुर्‍याएको सो समितिले जनाएको छ । उक्त मुहानको पानी प्रतिसेकेन्ड तीन लिटर क्षमता रहेको छ ।

त्यसैगरी छाब्दी खोला किनारस्थित दुई स्थानबाट पानी पम्पिङ गरिए पनि बाढीले विद्युत्को पोल ढलेका कारण पानी तान्न नसकिएको सो संस्थाले जनाएको छ । उक्त दुई पम्पिङ योजनाबाट प्रतिसेकेन्ड आठ लिटर पानी क्षमता रहेको छ ।

भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले चारवटै मुहानबाट गरी प्रतिसेकेन्ड कूल २० लिटर पानी सङ्कलन गरी उपभोक्ताहरूलाई वितरण गर्दै आएकामा अहिले बन्द भएको समितिका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो । विद्युत् लाइन अवरुद्ध हुँदा मोटर चलाउन नसक्दा पानी पम्पिङ गर्न सकिएको छैन । उहाँले भन्नुभयो, "खानेपानीका सबै मुहान बाढीपहिराले पूर्ण रूपमा क्षति हुँदा जनजीवन प्रभावित भएको छ ।"



फेवातालमा डुङ्गाः कोरोना भाइरस न्युनिकरण गर्न सरकारले जारी गरेको निषेधाज्ञा खुलेपनि पोखराको पर्यटकीयस्थल फेवातालमा डुङ्गा सञ्चालनमा आउन सकेको छैनन् । तस्वीर : चन्द्रकला क्षेत्री, रासस

# काममा फर्किए कलाकार

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ असार**

सारङ्गीवादक कमलकुमार विक दुई महिनापछि बुधबार ' डिजिटल काठमाण्डू' रेकर्डिङ स्टुडियो छिर्नुभयो । निषेधाज्ञाका पट्यारलाग्दा दिन घरमै कटाएर स्टुडियो फर्कनुभएका उहाँले त्यस दिन तीजको गीतमा धुन भर्नुभयो ।

धेरैपछि पुरानै दैनिकी पच्छ्याउँदा उत्साह मिलेको र स्थिति थप सहज हुनेमा आशा पलाएको विकले सुनाउनुभयो । "निषेधाज्ञा खुकुलो भएसँगै रेकर्डिङको काममा व्यस्तता बढेको छ", उहाँले भन्नुभयो, "वाद्यवादनको काम एक्लाएक्लै गरिने भएकाले जोखिम पनि कम छ।" यातायात र हिँडडुलमा रोक नलागे स्टुडियोको काममा कुनै बाधा नहुने विकको भनाइ छ । उहाँ सारङ्गी बनाउने पेशामा पनि आवद्ध हुनुहुन्छ । निषेधाज्ञाको अवधिमा दुई दर्जन बढी सारङ्गी तयार भएको विकले बताउनुभयो । लोकबाजा सारङ्गीको संरक्षण र प्रसारमा उहाँको परिवार नै समर्पित छ ।

गायक/कलाकार दुर्गेश थापालाई पनि अहिले रेकर्डिङ र अभिनयमा भ्याइनभ्याइ छ । लोकदोहोरी गीत 'सालको पात' को भिडियो छायाङ्कन भर्खर सकिएको उहाँले बताउनुभयो । उक्त गीतको भिडियोमा थापा र गीता ढुङ्गानाको अभिनय छ । "निषेधाज्ञा सहज भएपछि मेरा आफ्नै तीनवटा तीज गीतमा पनि काम भइरहेको छ", थापाले भन्नुभयो । दुई वर्षअघि 'बीच-बीचमा' बोलको तीज गीतबाट थापाले चर्चा कमाउनुभएको थियो । यसपालि पनि 'बीच-बीचमा-२' ल्याउने तयारीमा उहाँ हुनुहुन्छ । सो गीतमा थापासँगै गायिका समीक्षा अधिकारी र अस्मिता जुरेलीको स्वर छ । अभिनयका लागि नायिका करिष्मा मानन्धर र दीपाश्री निरौलासँग कुराकानी चलिरहेको थापाले बताउनुभयो ।

थापाले आफ्नो एकल गायनमा तीज गीत 'बीच-बीचमा, छेउछेउमा, कोठा-कोठामा' र 'ख्याँस्स पुतली' पनि सार्वजनिक गर्दै हुनुहुन्छ । "अहिले रेकर्डिङको काम भइरहेको छ, छिट्टै गीतको भिडियो छायाङ्कन शुरु हुन्छ", थापाले भन्नुभयो । निषेधाज्ञा खुकुलो भएर यातायातमा जोर/बिजोर लागू भएपछि काममा आउजाउ सहज भएको उहाँले उल्लेख गर्नुभयो ।

कलाकारसँगै प्राविधिक पनि आफ्नो रोजीरोटीको काममा फर्कन पाएको थापाले सुनाउनुभयो। कोरोना सङ्क्रमणको जोखिम हुन नदिन सामाजिक दुरीदेखि स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा कलाकार चनाखो बन्ने गरेको उहाँको भनाइ छ।

विगत डेढ वर्षदेखि कोरोनाको मारमा परेका कलाकार दैनिकी चाँडै पूर्ववत् स्थितिमा फर्कियोस् भन्ने चाहन्छन् । महामारीको पहिलो लहरताका पनि झण्डै वर्ष दिन कलाकार घरमै थुनिए । गत फागुनदेखि फाटफुट्ट मेला/महोत्सव हुन थालेपछि कलाकारलाई राहत मिलेको थियो। गायक/गायिकाका लागि मञ्चीय कार्यक्रम नै कमाइको राम्रो स्रोत हो।

# पुल भत्किएपछि टुट्यो ग्रामीण भेगसँगको पहुँच

**– कृष्ण न्यौपाने**
**तनहुँ, १९ असार**

बुधबार राति परेको भीषण वर्षाले छाब्दी खोलाको पक्की पुल भत्कियो । व्यास नगरपालिकाको भादगाउँ र बेलवास जोड्ने पक्की पुल भत्किएसँगै ग्रामीण बस्तीसँग सदरमुकाम दमौली बजारको दूरी पनि बढेको छ। अठार वर्ष अगाडि बनेको मोटर गुड्ने यही पुलबाट आवतजावत गर्ने सर्वसाधारणले जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता आइपरेको छ।

बुद्धसिं मार्गअन्तर्गत निर्मित पुल भत्किएपछि यातायात सञ्जालबाट ग्रामीण बस्तीको सम्बन्ध टुटेको छ। किसानले उत्पादन गरेका कृषि उपज दमौली ल्याएर बिक्री गर्न सास्ती भएको छ । ग्रामीण भेगमा दैनिक उपभोग्य वस्तु ढुवानी हुन सकेको छैन।

पुल भत्किएसँगै तनहुँको दक्षिणी भेगसँगको सम्पर्क टुटेको बेलवासका स्थानीयवासी यामबहादुर आलेले बताउनुभयो । "बुद्धसिं मार्गअन्तर्गत योबाहेक अर्को कुनै पुल थिएन, बल्ल बल्ल सुडेमा एउटा पुल बनेको छ, दमौलीलाई जोड्ने यो मात्रै एउटा पुल थियो", आलेले भन्नुभयो, "पुल भत्किएसँगै दमौलीसँगको सम्पर्क टुट्यो ।"

यही पुल हुँदै व्यास-१३ को बेलवास, पोखरीभञ्ज्याङ, व्यास-१४ को केशवटार, सुढे, ऋषिङको हुस्लाङ, गुम्लेक, देवघाट, आँबुखैरेनी, बन्दीपुर लगायतका ग्रामीण भेगका बासिन्दा आवतजावत गर्दथे । तनहुँ क्षेत्र नं १ र २ अन्तर्गतका दक्षिणी भेगलाई जोड्ने यो पुल भत्किएसँगै स्थानीयवासीलाई समस्या भएको उहाँको भनाइ छ। "पुल भत्किएसँगै सर्वसाधारणलाई आवतजावत गर्न समस्या त भएको छ नै कृषि उपज सामग्री, दूध लगायतका सामग्री बिक्री वितरण पनि प्रभावित भएको छ", आलेले भन्नुभयो । उहाँका अनुसार यही पुल हुँदै यस भेगका सर्वसाधारणले दूध, निउरो, तरकारी लगायतका कृषि उपज बिक्री गर्न जान्थे । "गरीबहरूले एक छाक टार्नका लागि तरकारी बिक्री गर्न पनि नपाउने भए, पुल भत्किएपछि ठूलो सङ्कट आइपरेको छ", आलेले भन्नुभयो, "छिटोभन्दा छिटो यहाँ पुल बन्नुपर्छ ।" पुल भत्किएसँगै सङ्घ, प्रदेश र स्थानीय सरकारको चासो रहेको पाए पनि सरकारी कामको ढिलासुस्तीले पुल निर्माणमा ढिलाइ हुने हो कि भन्ने चिन्ता थपिएको उहाँ बताउनुहुन्छ।

भादगाउँतर्फका सर्वसाधारण बेलवासमा खानेपानी लिन जाने गर्दथे । पुल भत्किएसँगै त्यो काम पनि रोकिएको छ । भत्किएको पुलबाट सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न थालेपछि बेलवासका स्थानीयवासी मिलेर बाँसको फड्के बनाएको भएपनि यसबाट वारपार गर्न जोखिम छ। बाढीपहिराबाट पीडित भएका सर्वसाधारणलाई खाद्यान्न ढुवानी गर्न समस्या भएको छ। पुल भत्किएसँगै यस भेगका बासिन्दा बिरामी परे तत्काल उपचारका लागि स्वास्थ्य संस्थासम्म पुर्‍याउन पनि समस्या हुने देखिएको छ। "तत्कालै यहाँ पुल निर्माण गर्नेतर्फ सम्बन्धित सरोकारवालाको ध्यान जाओस्", उहाँले भन्नुभयो।

दैनिक सयौ सवारी साधन र हजारौं सर्वसाधारण आवतजावत गर्ने पुल भत्किएसँगै दक्षिणी भेगका बासिन्दा प्रभावित भएको व्यास-१ हाई स्कुलटारका बेलबहादुर रानाभाटले बताउनुभयो । पुल भत्किएसँगै यहाँका कृषकलाई दूध दमौली बजारसम्म लगेर बिक्री गर्न समस्या भएको स्थानीयवासी राजन सापकोटाले बताउनुभयो । "उत्पादित दूध घरमै राख्नुपर्ने बाध्यता आइपरेको छ, कतिपयले त एक घण्टाको पैदल बाटो घुमेर बोकेरै पनि लैजानुभयो, तर यो सधैँ सम्भव छैन", उहाँले भन्नुभयो, "छिटोभन्दा छिटो पुल निर्माण गरिदिए कृषकलाई सहज हुन्छ।" बेलबासमा ६० भन्दा बढी कृषकले दैनिक रूपमा दूध बिक्री गर्ने गर्दछन् । यहाँबाट दैनिक डेढ लाखभन्दा बढीको दूध बिक्री हुन्छ। "पुल भत्किएसँगै पशुलाई खुवाउने दाना ढुवानीमा समस्या भएको छ", उहाँले भन्नुभयो, "छिटोभन्दा छिटो पुल बन्नुपर्छ।"

पुल भत्किएर सर्वसाधारणलाई समस्या भएपछि यहाँ बेलिब्रिज राखिने भएको छ। त्यसका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत प्रक्रिया शुरु भइसकेको तनहुँ क्षेत्र नं १ का विघटित प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले जानकारी दिनुभयो। तनहुँ र गोरखा पालुङटार जोड्ने मर्स्याङ्दी नदीमा रहेको बेलिब्रिज बेलबासमा जडान गरिने भएको छ।

# मर्स्याङ्दी नदीको पुल भासियो , खाद्यान्न ढुवानी रोकियो

**रासस**
**मनाङ, १९ असार**

नार्पाभूमि गाउँपालिकास्थित मर्स्याङ्दी नदीको पुल भासिएको छ। लगातारको वर्षासँगै आएको बाढीले पुल भासिएको हो । पुल भासिदा अहिले खाद्यान्न ढुवानी गर्नमा समस्या भएको छ।

यही असार महिनाको शुरुआतदेखि परेको अविरल वर्षाका कारण मस्याङ्दी नदीमा आएको बाढीपहिरोले नार्पाभूमि २ स्थित झोलुङ्गे पुल भासिएको गाउँपालिकाका अध्यक्ष मिङ्माछिरिङ लामाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो 'असार महिनाको शुरुआतदेखि आएको अविरल वर्षाले जिल्लामा वितण्डा नै मच्चायो , जिल्लाको सबैभन्दा विकट क्षेत्र नार्पा हो । यहाँ सवारी आवगमन हुदैंन, पैदल , घोडा र गधाको भरमा सदरमुकाम चामेबाट खाद्यान्न ढुवानी गरिन्छ। अहिले मर्स्याङ्दीको बाढीले नार्पा जोड्ने एक मात्र मुख्य माध्यम रहेको कोतोमा झोलुङ्गे पुल भासिएपछि समस्या उत्पन्न भएको छ।'

बाढीपहिरोका कारण नार्पाभूमिका चार पुल मध्ये तीन बाढीले बगाइसकेको छ । नार्पा जोड्ने मुख्य पुल पनि अहिले भासिएर हिड्नै नहुने भएको यहाँका जनप्रतिनिधिहरुले जनाएका छन् । यहाँका सबै बाटोघाटो र पुलहरु भासिनुका साथै बगाएपछि अहिले खाद्यान्न ढुवानी गर्न समेत रोक लगाइएको छ । नार्पाभूमिका २ का वडाध्यक्ष मिङ्मर फुन्चो लामाले उक्त स्थानमा खाद्यान्न ढुवानी गर्दा दुर्घटनाको सम्भावना रहेकाले आवगमनमा रोक लगाइएको जानकारी दिनुभयो । यसबाट नार्पाका स्थानीय व्यापारी र सर्वसाधारण प्रभावित भएका छन् । जिल्लामा बाढीले करोडौंको भौतिक क्षति पुर्‍याएको जनाइएको छ। मर्स्याङ्दी नदी लगायत अन्य सहायक खोलामा आएको बाढीले जिल्लामा घर, सडक, चैत्य, गुम्बा, पुललगायतका संरचनामा क्षति पुगेको छ। नार्सों , चामे र डिस्याङ गाउँपालिका बाढीपहिरोबाट बढी प्रभावित भएको छ भने नार्पाभूमि गाउँपालिका पहिरोबाट प्रभावित बनेको छ।

विनासकारी बाढीले क्षतविक्षत बनाएको जिल्लाको सडक सम्पर्क अझै जोडिन सकेको छैन। बाढीले ठाउँठाउँमा सडक भत्काएकाले अन्य जिल्लासँग सडक सम्पर्क बिच्छेद भएको छ। बैंसीसहर-चामे सडकखण्डअन्तर्गत लमजुङदेखि मनाङको माथिल्लो मनाङसम्मका विभिन्न स्थानमा बाढीले भत्काएका सडक सुचारु हुन सकेका छैनन् । सो सडकखण्ड पहिरोले ठाउँ ठाउँमा क्षतविक्षत भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनु भयो।

उहाँका अनुसार केही ठाउँमा बाढीले सडक बगाएको छ। ती सडक तत्काल सुचारु हुने तत्काल सम्भावना नरहेकोब बताइएको छ ।

यही असार सडक अवरुद्ध हुँदा खाद्यान्नलगायत अत्यावश्यक सामानसमेत हेलिकप्टरको माध्यमबाट ल्याउनुपर्ने बाध्यता छ । सो सडकखण्डको ४० प्रतिशत सडक अवरुद्ध भएको जनाउँदै सडक सञ्चालन हुन एक महिना लाग्ने देखिएको छ। बाढीले मर्स्याङ्दी नदी अन्य खोलानलामाथि बनेको बेलिब्रिज, झोलुंगे पुल, लघु जलविद्युत् र खानेपानीको पाइप बगाएको छ।

मर्स्याङ्दी नदीको पानीको बहाब कम भएपछि सदरमुकाम चामेमा आवतजावतका लागि बाटो बनाउन थालिएको छ । बाढीले भौतिक संरचना, व्यक्तिगत घर, सरकारी कार्यालयका भवन, बस्ती उजाडिएको छ।

वर्षा कम भएसँगै नदीको सतह पनि घटेपछि आवतजावतमा सहज बनाउनका लागि चामे गाउँपालिकाका विभिन्न स्थानमा घोटेटो निर्माण थालिएको प्रजिअ लामिछानेले जानकारी दिनुभयो । 'मनाङ सडक सञ्जाल टुटेको छ, अस्थायी पुल, सडकहरु पूर्ण रुपमा देखिदैन, आज पानी पर्न कम भएको छ, स्थानीयलाई खाद्यान्न ल्याउन, लान सहज बनाउन बाटो निर्माण थालिएको हो,' उहाँले भन्नुभयो।

# पहिराले सात घर जोखिममा

**–कृष्ण न्यौपान**
**दमौली, १९ असार**

केही दिनदेखि परेको वर्षासँगै आएको पहिरोले शुक्लागण्डकी नगरपालिका-८ मिलीजुली टोलमा एकघर क्षति भएको छ भने अन्य सात घर जोखिममा परेका छन् । पहिरोले उक्त टोलका चित्रमाया बानियाँको घर पहिरोले पुरिएर पूर्ण क्षति भएको छ।

वडाध्यक्ष कृष्णप्रसाद रेग्मीका अनुसार बानियाँको परिवारलाई आफन्तको घरमा स्थानान्तरण गरिएको छ । सोही ठाउँका इमबहादुर बानियाँ, टुकबहादुर श्रेष्ठ, शिवकुमारी श्रेष्ठ, शान्ति थापा, दिलबहादुर खत्री र कविता भट्टराईको घर जोखिममा रहेकाले स्थानान्तरण गर्नुपर्ने उहाँले बताउनुभयो । पहिरोले उक्त वडाका डहरे, मालेबगर, चनौटे, लालिम लगायतका अधिकांश खेतीयोग्य जमिन बगरमा परिणत भएको छ। बाढीपहिरोले १२ वटा बाँध र कुलो पूर्ण रुपमा क्षतिग्रस्त भएको छ भने खानेपानीका पाइप पूर्ण रुपमा क्षतिग्रस्त भएको जनाइएको छ । यसैगरी भानु नगरपालिका-१० याङसिङमा पहिरोले एक घर पुरिएको छ । केही दिनदेखि परेको निरन्तर वर्षाका कारण उक्त ठाउँका प्रेमबहादुर भुजेलको घर पुरिएको हो । घरमाथिबाट आएको पहिरोले घर र गोठ पूर्ण रुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । पहिरोबाट घरमा रहेका लत्ताकपडा, अन्नपात सबै नष्ट भएको छ भने गोठमा रहेको एकहल गोरु र गाई पुरिएको छ। पहिरोबाट मानवीय क्षति भने नभएको प्रहरीको भनाइ छ।

केही दिनदेखि परेको निरन्तर वर्षाका कारण विद्युत पोलमा क्षति पुग्दा जिल्लाका विभिन्न ठाउँमा विद्युत अवरुद्ध भएको छ । लगातारको वर्षाले पोल क्षति हुँदा जिल्लाका करिब आठ हजार घरधुरीमा विद्युत अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण वितरण केन्द्रले जनाएको छ। हालसम्म प व्यास र भानु नगरपालिका, बन्दीपुर गाउँपालिकाका विभिन्न ठाउँमा विद्युत अवरुद्ध भएको वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

उहाँका अनुसार २८ विजुलीको पोल पहिरोले क्षति पुगेको छ। व्यास -१० बोटेगाउँमा एक, व्यास-१२ देउराली, छिर्कने र जौबारीमा आठ, व्यास-१३ छाब्दीमा चार, भानु -१ साझबोटेमा पाँच, भानु -३ तुरतुरेमा तीन पोलमा क्षति पुगेको छ। त्यस्तै भानु -६ बरभञ्ज्याङमा दुई, बन्दीपुर-२ भैसेखारमा चार, भानु-१३ पोखरीछापमा एक पोलमा क्षति पुगेको छ । 'पहिरोले क्षति भएको पोलहरुको मर्मत कार्य भइरहेको छ,' उहाँले भन्नुभयो, 'पूर्ण रुपमा सञ्चालन हुन अझै तीन/चार दिन लाग्नेछ ।' विद्युत पोलमा क्षति पुगेर विद्युत अवरुद्ध हुँदा दैनिक जीवनमा प्रत्यक्ष असर परेको बन्दीपुरका स्थानीयवासी बसन्त पौडेलले जानकारी दिनुभयो । बन्दीपुर गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले विद्युत अवरुद्ध हुँदा गाउँपालिकाको काम समेत प्रभावित भएको जानकारी दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग खानेपानी वितरण (सगरमाथा, शितलनगर, शुभमार्ग, सप्तरंगी, ओमशान्ति टोल) कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः शुभ मार्ग खानेपानी वितरण (सगरमाथा, शितलनगर, शुभमार्ग, सप्तरंगी, ओमशान्ति टोल)**
**स्थानः पोखरा–१४, कास्की**
**योजना शुरु हुने मिति : २०७७/११/०७ गते**
**योजना सम्पन्न मिति : २०७८/०२/२० गते**
**योजनाको कुल लागत : रु. ६,२६,३४५.४७।–**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.५,००,०००।–**
**जन श्रमदानबाट : रु.१,२५,०००।–**

**उपभोक्ता समिति अध्यक्षः धन बहादुर थापा**
**सचिवः विष्णु कुमारी आचार्य**
**कोषाध्यक्षः राम बहादुर कार्की**
**जम्मा सदस्य संख्याः ११, महिला सदस्य संख्याः ५**

**शुभ मार्ग खानेपानी उपभोक्ता समिति**
**पोखरा–१४ कास्की**